# जनसचेतन ई बुलेटिन
JANASACHETAN E BULLETIN

वर्ष : ३ (तीन) अंक : ६ (छ) पृष्ठ संख्या: ७ (सात) अवधि: माघ-चैत्र प्रकाशित मिति: २०८३ वैशाख १५

## जेष्ठ सदस्यलाई न्यायो कपडा वितरण

■ जनसचेतन साकोस, दोलखा
२०८२ माघ १५, बिहिबार

● ८४ जना विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण



जनसचेतन बचत तथा ऋण सहकारी संस्था लि. ले जेष्ठ सदस्यहरुलाई न्यानो कपडा वितरण कार्यक्रम सम्पन्न गरेको छ । संस्थाको वार्षिक नीति तथा कार्यक्रम अनुसार ६६ जना महिला र ७१ जना पुरुष जेष्ठ सदस्य गरी जम्मा १ सय ३७ जना जेष्ठ सदस्यहरुलाई सम्मान गर्दै विभिन्न सामग्री वितरण गरिएको थियो । संस्थाका अध्यक्ष गोपालध्वज श्रेष्ठको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा पुरुष जेष्ठ

*बाँकी पृष्ठ ७ मा*

## झोला वितरण कार्यक्रम

■ जनसचेतन साकोस, दोलखा
२०८२ चैत्र २०, शुक्रबार

“उद्यमशीलता र पारदर्शिताः सहकारीको प्राथमिकता” भन्ने नाराका साथ ६९ औं राष्ट्रिय सहकारी दिवसको अवसरमा जनसचेतन बचत तथा ऋण सहकारी संस्था लि. मैनापोखरीद्वारा संरक्षित बालबालिका हरुको लागि झोला (स्कुल ब्याग) वितरण कार्यक्रम सम्पन्न गरेको छ । दोलखा जिल्ला भीमेश्वर नगरपालिका वडा नं ५ अनाथलय स्थित गौरीशंकर बाल गृहका १८ जना संरक्षित

*बाँकी पृष्ठ ६ मा*



## अर्धवार्षिकी समीक्षा कार्यक्रम


■ जनसचेतन साकोस, दोलखा
२०८२ माघ १८, आइतबार

यस जनसचेतन वचत तथा ऋण सहकारी संस्थाको आ.व. २०८२।०८३ को अर्धवार्षिकी समीक्षा कार्यक्रम संस्थाका अध्यक्ष गोपालध्वज श्रेष्ठको अध्यक्षतामा संस्थाको मुख्य कार्यालयको सभाहलमा माघ १६ र १७ गते सम्पन्न भएको थियो ।

संस्थाका अध्यक्ष गोपालध्वज श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सञ्चालक समिति, लेखा समिति, उच्च व्यवस्थापनका कर्मचारीहरु तथा सेवाकेन्द्र/संकलनकेन्द्र प्रमुखहरुको सहभागिता रहेको थियो । कार्यक्रममा चालु आ.व. ०८२/०८३ को पहिलो छ महिनाको प्रगति विवरण प्रस्तुत गरिएको थियो । प्रस्तुत प्रतिवेदनमा बचत

*बाँकी पृष्ठ ६ मा*

## ७ लाख ७७ हजार २ सय ५० सहयोग रकम हस्तान्तरण




| शीर्षक | जना | रकम रु. |
|---|---|---|
| आजीवन सहारा भत्ता | १४२ | २०५५००।०० |
| स्वास्थ्य उपचार सहयोग | ३ | १४०००।०० |
| सुत्केरी स्याहारमा सहयोग | १३ | २६०००।०० |
| सामाजिक संस्कार खर्च | १७ | ८५०००।०० |
| सदस्य सुरक्षा कोष | १८ | ४३६०००।०० |
| स्वास्थ्य बीमाको प्रिमियममा सहयोग | २७ | १०७५०।०० |
| जम्मा | २२० | ७७७२५०.०० |

**२०८२ माघदेखि चैत्र मसान्त सम्ममा विभिन्न शीर्षकमा सहयोग मार्फत २ सय २० जना शेयर सदस्यहरुलाई ७ लाख ७७ हजार २ सय ५० रुपैयाँ सहयोग हस्तान्तरण गरिसकिएको छ ।**

वर्ष : ३ (तीन) अंक : ६ (छ) पृष्ठ संख्या: ७ (सात) अवधि: माघ-चैत्र प्रकाशित मिति: २०८३ वैशाख १५

# सम्पादकीय

## कर्जा असुली न्यायाधिकरणको काम, कर्तव्य र अधिकार

नेपालमा कर्जा असुली न्यायाधिकरण सहकारी संस्थाहरुबाट प्रवाह गरिएको कर्जा समयमै असुली गर्न स्थापना गरिएको एक विशेष न्यायिक निकाय हो । आर्थिक कारोबारलाई व्यवस्थित, सुरक्षित र विश्वसनीय बनाउन यस संस्थाले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । विशेषगरी ऋण नतिर्ने प्रवृत्तिलाई नियन्त्रण गर्दै वित्तीय अनुशासन कायम राख्न यसको आवश्यकता महसुस गरिएको हो ।

कर्जा असुली न्यायाधिकरणको मुख्य काम सहकारी संस्थाहरुबाट प्रवाह भएको कर्जा असुलीसम्बन्धी मुद्दाहरूको छिटो र प्रभावकारी सुनुवाइ गर्नु हो । कुनै ऋणीले तोकिएको समयभित्र ऋण तिर्न नसकेमा सम्बन्धित सहकारी संस्थाले न्यायाधिकरणमा उजुरी दिन सक्छन् । त्यसपछि न्यायाधिकरणले आवश्यक कागजात, प्रमाण तथा विवरणहरूको अध्ययन गरी दुवै पक्षलाई सुनुवाइको अवसर प्रदान गर्छ र उचित निर्णय दिन्छ। यस प्रक्रियाले लामो समयसम्म अदालत धाउनुपर्ने झन्झट घटाउँछ ।

न्यायाधिकरणको प्रमुख कर्तव्य निष्पक्ष, पारदर्शी र समयमै न्याय प्रदान गर्नु हो । यसले ऋणी र ऋणदाता दुवैको अधिकारको सम्मान गर्दै सन्तुलित निर्णय दिन प्रयास गर्दछ। साथै, कानुनअनुसार प्रमाणहरूको मूल्याङ्कन गरी सत्यतामा आधारित फैसला गर्नु यसको जिम्मेवारी हो । यसले कर्जा असुली प्रक्रियामा हुने ढिलाइलाई कम गरी छिटो समाधान निकाल्न मद्दत गर्दछ ।

कर्जा असुली न्यायाधिकरणलाई कानुनी रूपमा विभिन्न अधिकारहरू पनि प्रदान गरिएको छ । यसले ऋणीलाई बाँकी कर्जा तिर्न आदेश दिन सक्छ, धितोमा राखिएको चल-अचल सम्पत्ति लिलाम गर्न निर्देशन दिन सक्छ र आवश्यक परेमा सम्पत्ति हक हस्तान्तरण गरी बिक्री गर्न समेत अनुमति दिन सक्छ । साथै, न्यायाधिकरणले सहकारी संस्थाको पक्षमा फैसला भएमा असुली प्रक्रिया अघि बढाउन सम्बन्धित निकायलाई आदेश दिन सक्छ । यस्ता अधिकारहरूले कर्जा असुलीलाई प्रभावकारी बनाउँछन् ।

अन्ततः कर्जा असुली न्यायाधिकरणले नेपालका सहकारी संस्थाको वित्तीय प्रणालीलाई मजबुत बनाउने, वित्तीय अनुशासन कायम राख्ने र आर्थिक स्थायित्व प्रवर्द्धन गर्ने काममा महत्वपूर्ण योगदान पुऱ्याएको छ । यसले ऋणदाताको हित संरक्षण गर्नुका साथै ऋणीलाई आफ्नो दायित्वप्रति जिम्मेवार बनाउँदै समग्र आर्थिक विकासमा सकारात्मक प्रभाव पार्दछ ।

## मेरो लफङ्गा छोरो



*शिवजी कार्की*
*तामाकोशी गा.पा.–७,हाँवा, दोलखा*
*सदस्य नं: १८०५४*

मेरो लफङ्गा छोरा,
दिन भरि गाउँ डुल्छ
खानलाई जे दिए पनि
मिठो मानेर खाइदिन्छ ।

उमेरले बालपान काट्यो ,
तर बानी अझै उस्तै
केटा केटी जस्तै गरी
बालापनमै हराइरहन्छ ।

लफङ्गा होला संसारको नजरमा,
मेरो नजरमा ऊ अमूल्य छ,
उसको हाँसो, उसको बानी,
मेरो जीवनकै मिठो साँचो छ ।

कहिलेकाहिँ रिस उठ्छ,
किन यस्तो? भनी सोध्छु म
तर उसको एउटा मुस्कानले
मेरो सबै गुनासो हराउँछ झन ।

मेरो नजरमा ऊ लफङ्गा होइन
ऊ त मेरो गर्व, मेरो आस हो,
आमाको मायाभित्र सँधै बाँच्ने
मेरो अमूल्य हिरा हो ।

तर मेरो मनमा एउटा आशा छ
एकदिन समय बदलिनेछ
मेरो यही लफङ्गा छोराले
ठुलो बाटो समाल्ने छ ।

देशको निम्ति उभिएर
आमा र मातृभूमि जोगाउनेछ
मुस्कानसहित साहस बोकेर
संसारसँग जितने छ ।

छोरा जस्तोसुकै भए पनि
आमाको आँखामा ऊ कहिल्यै नराम्रो हुँदैन ।
साँचो छोरा त्यही हो ।
जसले आमाको मन कहिलै दुखाउँदैन ।

उज्यालो त्यही तेज हो
जसले जीवनलाई अर्थ दिन्छ
आमाको त्याग र प्रेमले नै
सन्तानलाई सही बाटो देखाउँछ ।

# सदस्यता विस्तारित मञ्च तथा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न

■ जनसचेतन साकोस, दोलखा
२०८२ चैत्र २८, शनिबार

जनसचेतन बचत तथा ऋण सहकारी संस्था लि. दोलखाको आ.व. ०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार दोलखा जिल्ला जिरी न.पा.-८, आहालेमा सदस्यता विस्तारित मञ्च तथा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको छ । संस्थाको वर्तमान अवस्थाको बारेमा जानकारी दिने उद्देश्यले आयोजित कार्यक्रममा संस्थाका सदस्य तथा भावी सदस्य गरी ६९ जनाको सहभागिता रहेको थियो । कार्यक्रम संस्थाका जेष्ठ सदस्य बाल कुमारी उपाध्याय को अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा संस्थाका जिरी सेवाकेन्द्र प्रमुख सुमन काफ्ले, दिपेश दहाल लगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रममा संस्थाको जिरी सेवाकेन्द्र प्रमुख सुमन काफ्लेले संस्थाले प्रदान गर्दै आइरहेको सेवा तथा साधारण सभाबाट स्वीकृत नीति तथा कार्यक्रम अन्तर्गतको गर्भदेखि स्वर्गसम्म" का कार्यक्रमहरु र सदस्यको व्यवसायसँग सम्बन्धित "उद्यमीदेखि उद्योगीसम्म" कार्यक्रमहरुको बारेमा जानकारी गराउनु भएको थियो ।




कार्यक्रम पश्चात् सदस्यहरुले संस्थाको पछिल्लो अवस्था तथा संस्थाबाट प्रवाह भइरहेको सेवा सुविधा तथा शर्तहरुको बारेमा जानकारी लिए पश्चात आफ्नो धारणा राख्दै संस्थाका सदस्य कृष्ण बहादुर सुनुवारले संस्थाले प्रदान गर्दै आइरहेको सदस्य सुरक्षण कोषबाट दिने राहत कार्यक्रम अत्यन्तै प्रभावकारी रहेको कुरा बताउनु भयो । त्यस्तै अन्य सदस्यहरुले संस्थाले प्रदान गर्दै आइरहेको वृद्ध सदस्यहरुका लागि तीर्थ भ्रमण, आजीवन सहारा भत्ता, स्वास्थ्य उपचार सहयोग, लघुवित्त कार्यक्रम, मोबाइल बैंकिङ सेवा, सुत्केरी स्याहार पोषण कार्यक्रम, समय समयमा हुने स्वास्थ्य तथा शिक्षा शिविर जस्ता कार्यक्रम ल्याउनुले आफूहरु असाध्यै हर्षित भएको बताउनु भयो ।

त्यसैगरी संस्थाले कार्यक्षेत्रभित्रका सदस्यहरुको मागलाई मध्येनजर गर्दै यस त्रैमासमा ६४ वटा सदस्यता विस्तारित मञ्च तथा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरिसकेको छ । यसबाट २ हजार ८ सय २३ जना सदस्यहरु लाभान्वित भएका छन् ।



**सदस्यता विस्तारित मञ्च तथा वित्तीय साक्षरता कार्यक्रमको उपस्थिति विवरण**

| क्र.सं. | सेवाकेन्द्रको नाम | कार्यक्रम संख्या | उपस्थिति संख्या | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | |
| १ | वैतेश्वर सेवाकेन्द्र | १२ | ४१५ | २८६ | ७०१ | |
| २ | चरिकोट सेवाकेन्द्र | ८ | १६६ | १२६ | २९२ | |
| ३ | जिरी सेवाकेन्द्र | ३ | ७३ | ५७ | १३० | |
| ४ | कालिञ्चोक सेवाकेन्द्र | ५ | २०६ | ७४ | २८० | |
| ५ | तामाकोशी सेवाकेन्द्र | ५ | ९८ | ६३ | १६१ | |
| ६ | विगु सेवाकेन्द्र | २१ | ५३५ | ३२१ | ८५६ | |
| ७ | मेलुङ सेवाकेन्द्र | ५ | ११४ | १०४ | २१८ | |
| ८ | शैलुङ सेवाकेन्द्र | ६ | ११८ | ६७ | १८५ | |
| | जम्मा | ६५ | १७२५ | १०९८ | २८२३ | |

## ऋणको कारोबार नियमित गर्ने बारेको सूचना !

यस संस्थाबाट विभिन्न शीर्षकहरुमा कर्जा (ऋण) लिनु भएका ऋणी सदस्यहरुले ऋण लिँदाको बखतमा गरिएको सम्झौताको आधारमा नियमित रुपमा किस्ता तथा ब्याज बुझाउनु सदस्यको कर्तव्य हो । यदि कोही ऋणी सदस्यले आफूले लिएको ऋणको किस्ता तथा ब्याज नियमित नभएको भए वा तिर्नु बुझाउनुपर्ने रकम नबुझाउनु भएको भए यथाशक्य छिटो पायक पर्ने संस्थाका कार्यालयहरुमा उपस्थित भई आफ्नो ऋणको किस्ता तथा ब्याज नियमित वा चुक्ता गर्नुहुन हार्दिक अनुरोध गर्दछौं । लामो समयदेखि भाखा नघाएका तपाई ऋणी सदस्यलाई संस्थाबाट रकम भुक्तानीको लागि विभिन्न समयमा गरेको तरताकेता (टेलिफोन, प्रत्यक्ष भेटघाट तथा पत्रद्वारा) लाई समेत वेवास्ता गरी रहनु भएका तपाई ऋणीहरुले समयमै आफूले लिनु भएको ऋणको तिर्न बाँकी रकम भुक्तानी गरी असल ऋणी सदस्यको पहिचान कायम राख्नुहुन हार्दिक अनुरोध गर्दछौं । अन्यथा सहकारी ऐन, नियमावली, संस्थाको विनियम तथा प्रचलित नेपाल कानून बमोजिम ऋणी सदस्य तथा व्यक्तिगत जमानी बस्ने सदस्यको फोटो सहितको तीनपुस्ते विवरण सार्वजनिक गरी कानून बमोजिम ऋण असुल उपर गरिने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

# हार्दिक श्रद्धाञ्जली

*"आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो*
*इन्द्रै बिन्ती गरुन् झुकेर पाउमा त्यो बिन्ती मान्दैन त्यो ।"*

**यस त्रैमासिकमा संस्थामा आवद्ध देहायका शेयर सदस्यहरुको असामयिक देहावसान भएकोले हामी अत्यन्तै मर्माहित भएका छौं । यस दु:खद घडीमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकाकुल परिवारप्रति धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भन्ने कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।**



**पुष्कर थामी**
कालिञ्चोक गा.पा.-६, दोलखा
सदस्य नं: ३५५७२
मृत्यु मितिः २०८२/१०/०१



**बुद्दिमान तमाङ**
कालिञ्चोक गा.पा.-५, दोलखा
सदस्य नं: ३७७३९
मृत्यु मितिः २०८२/१०/०२



**केशव चौलागाई**
वैतेश्वर गा.पा.-४, दोलखा
सदस्य नं: ११८४
मृत्यु मितिः २०८२/१०/१५



**बेली दमाई**
वैतेश्वर गा.पा.-७, दोलखा
सदस्य नं:३२४१
मृत्यु मितिः २०८२/१०/१७



**प्रेम कुमार खड्का**
वैतेश्वर गा.पा.-८, दोलखा
सदस्य नं: ८४७
मृत्यु मितिः २०८२/१०/२६



**विर बहादुर तमाङ**
जिरी न.पा.-९, दोलखा
सदस्य नं: ८९६४
मृत्यु मितिः २०८२/११/०१



**चन्द्र बहादुर कार्की**
वैतेश्वर गा.पा.-८, दोलखा
सदस्य नं: २३२२७
मृत्यु मितिः २०८२/११/०६



**चन्द्रमाया बस्नेत**
वैतेश्वर गा.पा.-४, दोलखा
सदस्य नं: ३८१
मृत्यु मितिः २०८२/११/११



**सिद्धार्थ कार्की**
वैतेश्वर गा.पा.-४, दोलखा
सदस्य नं: २५००१
मृत्यु मितिः २०८२/१०/१६



**तिलक बहादुर अधिकारी**
वैतेश्वर गा.पा.-३, दोलखा
सदस्य नं: ५१५२
मृत्यु मितिः २०८२/११/२०



**रामशरण पाठक**
मेलुङ गा.पा.-१, दोलखा
सदस्य नं: १०३१०
मृत्यु मितिः २०८२/११/३०

**गोपालध्वज श्रेष्ठ**
अध्यक्ष एवम्
**जनसचेतन बचत तथा ऋण सहकारी संस्था लि.**
**परिवार**

## चैत्र मसान्तसम्मको वित्तीय विवरण

| विवरण | रकम | विवरण | रकम/ संख्या |
|---|---|---|---|
| शेयर पूँजी रु. | १५,४५,०८,१००.०० | कुल शेयर सदस्य संख्या | २६,१४७ |
| जगेडा कोष रु. | १८,६३,४४,००३.२६ | कुल ऋणी सदस्य | ३,०६२ |
| कुल बचत रु. | १,८३,२७,०७,६७५.८४ | लगानीमा रहेको ऋण रु. | १,६५,२०,३४,६५०.३६ |
| कुल संस्थागत पूँजी रु. | १८,८७,७१,८५०.६२ | तरलता रकम र प्रतिशत | ५५,१०,२५,३६१.३१ (२६.७५%) |
| विभिन्न कोषहरुमा जम्मा रु. | १२,२८,२०,३१५.६६ | कुल सम्पत्ति रु. | २,५५,६८,५२,१७७.५२ |

# सफलताको कथा



**भुपेन्द्र राज सुनुवार**
**जिरी न.पा.-९, लेखर्क, दोलखा**
**सदस्य नं: ८९९४**




दोलखा जिल्ला जिरी नगरपालिका वडा नं. ९, लेखर्क टोलमा बस्ने बुबा मान बहादुर सुनुवार र आमा रनमाया सुनुवारबाट वि.सं. २०१७ श्रावण २६ मा म भुपेन्द्र राज सुनुवारको जन्म भएको थियो । मेरो बाल्यकाल दोलखा जिल्लाको लेखर्क टोलमा नै बितेको थियो । मैले विद्यालय शिक्षा श्री जिरी माध्यमिक विद्यालयबाट सुरु गरेँ । घरायसी समस्याको कारण दुःख कष्ट संहाल्दै मैले कक्षा १० सम्मको मात्र अध्ययन गर्ने अवसर पाएँ, त्यसपछि कलिलै उमेरमा मेरो पिता र आमाले रामेछाप जिल्ला गोकुलगंगा गाउँपालिका वडा नं. ३, रस्नालुमा बस्ने लाल बहादुर सुनुवार र पूर्णमाया सुनुवारको छोरी यन कुमारी सुनुवारसँग विवाह गरिदिनुभयो । यसरी विवाह पश्चात मैले कामेश्वर प्राथमिक विद्यालयमा शिक्षकको जागिर सुरु गरेँ । हाल करिब ५ वर्ष अगाडि जागिरबाट अवकास भई म र श्रीमती गाउँमा नै आलु खेतीपाती गर्दै आइरहेको थियौं । म र श्रीमतीबाट दुई छोरा र दुई छोरीहरुको जन्म भई जेठी छोरीको विवाह भइकेको छ भने कान्छी छोरी विदेशमा छिन् । त्यस्तै जेठा छोरा विदेशमा र कान्छो छोरा काठमाडौंमा बसोबास गरिरहेको छ । यसरी घर व्यवहार चलाउने क्रममा छोरा, छोरीहरुलाई शिक्षा दिक्षा दिन तथा विदेश पठाउँदा जागिरबाट आएको रकम सकियो । त्यसपछि घर व्यवहार चलाउन समस्या भइरहेको थियो । अब यसरी यो कृषि गरेर मात्र घर व्यवहार चलाउन र अन्य व्यक्तिहरुसँगबाट लिएको ऋण तिर्न गाह्रो भयो । अब घरगाउँमा नै केही व्यवसाय गर्नुपर्छ भन्ने सरसल्लाह भइरहेको थियो ।

यसैबिच एक दिन जनसचेतन सहकारीको शिक्षा शिविर कार्यक्रममा सहभागी हुने अवसर मिल्यो । त्यस कार्यक्रमबाट प्रेरित भई गाउँघरमा नै केही व्यवसाय गर्न सकिन्छ भन्ने महसुस गरेँ । यसै क्रममा अब पशुपालन, बंगुर पालन तथा आलु खेती गर्ने निधौं गरे तर के गर्नु, रकम अभावले गर्दा सुरु गर्न सकिरहेको थिइन । गाउँघर, छरछिमेक कसैले पनि मलाई रकम दिन पत्याएनन् । उक्त कुरा मैले जनसचेतन सहकारीमा पुगी आफूले गर्न लागेको व्यवसायको योजना पेश गरेँ र त्यस योजना अनुसारलाई ऋण दिन संस्था मन्जुर भयो । मैले संस्थाबाट सुरुमा









केही रकम ऋण लिएर २०७८ सालमा दोलखा जिल्ला जिरी नगरपालिका वडा नं. ९ लेखर्कमा बाख्रा पालन, बंगुर पालन र आलु खेती सुरु गरेँ । यी व्यवसायबाट राम्रै कमाई हुँदै गयो । यी व्यवसायबाट मैले गाउँ नै बसी मासिक रुपमा ५०-६० हजार आम्दानी गर्दै आइरहेको छु । अहिले यही व्यवसायबाट घरखर्च, छोरा छारीलाई शिक्षा दिक्षा तथा केही रकम बचत समेत गर्ने गरेको छु । मेरो व्यवसायमा सुरुदेखि नै जनसचेतन सहकारीको साथ र सहयोग भएको कारण मेरो सफलताको श्रेय जनसचेतन सहकारीलाई नै दिन चाहान्छु । संस्थासँगको मेरो परिचय असल बचतकर्ता तथा असल ऋणी सदस्यको रुपमा रहेको छ । संस्थामा मैले नियमित रुपमा बचत तथा ऋणको कारोबार गर्दै आइरहेको छु । जनसचेतन सहकारी समुदायमा आधारित सहकारी संस्था हो । संस्थाले जन्मदेखि मृत्युसम्मको विभिन्न सेवा तथा सुविधाहरु उपलब्ध गराउँदै आइरहेको छ भन्ने कुरा आफन्त तथा छरछिमेकमा समेत भन्दै आइरहेको छु ।

संस्थाले ममाथि गरेको सहयोगलाई बचाइ राख्न मैले नियमित रुपमा बचत गर्दै आइरहेको छु । ऋणको किस्ता पनि समयमा नै तिर्ने गरेको छु र संस्थाले प्रदान गर्दै आइरहेको ब्याज छुटको सुविधा पनि लिने गरेको छु । संस्थाप्रति राम्रो छवी बनाएको कारण ऋण लिनको लागि अन्य वित्तीय संस्थामा धाउनु परेको छैन । मसँग सल्लाह माग्न आउनु हुने मेरो छिमेक तथा साथीहरुलाई सबै किसिमले जनसचेतन साकोस एक अब्बल संस्थाको रुपमा परिचित छ त्यसैले जनसचेतन सहकारीमै सदस्य बन्न सल्लाह दिदै आइरहेको छु । अन्त्यमा भावी दिनमा जनसचेतन सहकारीले धेरैभन्दा धेरै सदस्यको मन मष्तिस्कमा बस्न सकोस्, सदस्य केन्द्रित कार्यक्रमहरु समय समयमा उपलब्ध गराउँदै जाओस्, सदस्यको आवश्यकता अनुसारको कार्यक्रमहरु ल्याउँदै जाओस्, संस्थाको सेवाहरुलाई थप प्रविधिमैत्री बनाउँदै लगोस् । संस्थाको उन्नति र प्रगतिको कामना गर्दछु ।

धन्यवाद ।

# सफल महिला उद्यमी सम्मान

■ जनसचेतन साकोस, दोलखा
२०८२ फाल्गुण २४, आइतबार

जनसचेतन बचत तथा ऋण सहकारी संस्था लिमिटेडले ११६ औं अन्तर्राष्ट्रिय महिला दिवस २०२६ को अवसरमा सफल उद्यमी महिलाहरुलाई सम्मान कार्यक्रम संस्थाको सभाहल मैनापोखरीमा सम्पन्न गरेको छ ।

संस्थाका सञ्चालक सदस्य एवम् महिला उपसमिति संयोजक बिमला घिमिरेको अध्यक्षतामा सम्पन्न कार्यक्रममा विभिन्न क्षेत्रमा सफलतापूर्वक उद्यम सञ्चालन गर्दै आएका २४ जना महिला उद्यमीहरूलाई सम्मान गरिएको थियो । सम्मानित महिलाहरूलाई सम्मानपत्र तथा जनसचेतन कप प्रदान प्रदान गरिएको थियो । महिलाको क्षमता, आत्मनिर्भरता र उद्यमशीलतालाई प्रोत्साहन गर्ने उद्देश्यका साथ आयोजित उक्त कार्यक्रमले सहभागी तथा अन्य सदस्यहरुलाई समेत उद्यमी बन्न उत्प्रैरित गर्ने विश्वाश लिएको छ ।

कार्यक्रमका प्रमुख अतिथि एवम् संस्थाका अध्यक्ष गोपालध्वज श्रेष्ठले महिलाहरूको आर्थिक सशक्तीकरण, उद्यमशीलता विकास तथा सहकारी आन्दोलनमा महिलाको महत्वपूर्ण भूमिकाबारे प्रकाश पार्दै महिलालाई आत्मनिर्भर बनाउने अभियानलाई अझ सशक्त बनाउँदै लैजानुपर्ने कुरा बताउनुभयो । कार्यक्रममा संस्थाका प्रमुख कार्यकारी अधिकृत नवराज दहाल लगायतका उच्च व्यवस्थापनका कर्मचारीहरु समेतको सहभागिता रहेको थियो ।

साथै संस्थाले विभिन्न क्षेत्रमा व्यवसाय सञ्चालन गरी सफल उद्यमी भएका १०० जना सफल महिला उद्यमीहरुलाई नौ वटा सेवाकेन्द्र र सात वटा संकलन केन्द्र मार्फत सम्मान गरेको छ । यसले सदस्यहरुलाई थप हौसला प्रदान गरी थप उन्नतिको बाटोमा सहयोग पुग्ने अपेक्षा राखेको छ ।

# अर्धवार्षिकी...



संकलन, ऋण प्रवाह, आम्दानी-खर्चको अवस्था, लगानीको गुणस्तर तथा सदस्य सेवासम्बन्धी गतिविधिहरूको विस्तृत विश्लेषण गरिएको थियो ।

कार्यक्रममा प्रस्तुत तथ्याङ्क अनुसार संस्थाले बचत वृद्धि, ऋण लगानी विस्तार तथा सदस्य सेवा सुधारका क्षेत्रमा उल्लेखनीय प्रगति हासिल गरेको जनाइएको छ । केही चुनौतीहरूका रूपमा ऋण असुली, बजार प्रतिस्पर्धा तथा प्रविधि व्यवस्थापनका पक्षहरू पहिचान गरिएको थियो, जसलाई समाधान गर्न आवश्यक रणनीति अपनाइने प्रतिबद्धता व्यक्त गरिएको छ । कार्यक्रममा बोल्दै संस्थाका अध्यक्ष गोपालध्वज श्रेष्ठले वर्तमान अवस्थामा सबैभन्दा ठूलो चुनौतिको रुपमा रहेको ऋण असुली प्रक्रियालाई तिव्रता दिदै व्यवस्थित रुपमा ऋण लगानी गर्नुपर्ने कुरा बताउनु भएको थियो । उहाँले संस्थालाई अझ पारदर्शी, उत्तरदायी र प्रविधिमैत्री बनाउँदै लैजानुपर्नेमा समेत जोड दिनु भएको थियो । साथै, सहकारीको दीगो विकासका लागि सदस्यहरूको सक्रिय सहभागिता, अनुशासन र सहयोग अपरिहार्य रहेको उल्लेख गर्नुभएको थियो ।

कार्यक्रमका सहभागीहरूले संस्थाको ऋण असुली प्रक्रिया, नयाँ योजना कार्यान्वयन, नीति तथा कार्यविधिहरुको पूर्ण कार्यान्वयन, डिजिटल प्रणालीको विकास तथा सदस्य सचेतना अभिवृद्धि सम्बन्धी महत्वपूर्ण सुझावहरू प्रस्तुत गरेका थिए । ती सुझावहरूलाई आगामी कार्ययोजनामा समेटिने संस्थाले जनाएको छ । समग्रमा, अर्धवार्षिक समीक्षा कार्यक्रमले संस्थाको उपलब्धि, चुनौती र सम्भावनाहरूको पहिचान गर्दै आगामी रणनीति तय गर्न महत्वपूर्ण मार्गदर्शन प्रदान गरेको निष्कर्ष निकालिएको छ ।

# झोला वितरण...



बालबालिकाहरुलाइ शिक्षा हासिल गर्न सहयोग पुगोस् भन्ने हेतुले आयोजित कार्यक्रममा १८ थान झोला (स्कुल ब्याग), १/१ थान क्रिकेट ब्याट र बल तथा भलिवल वितरण गरिएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि एवम संस्थाका वरिष्ठ उपाध्यक्ष नारायण प्रसाद दहालले बालबालिकाको उज्ज्वल भविष्यका लागि शिक्षा अत्यन्त महत्वपूर्ण रहेको उल्लेख गर्दै यस्ता सहयोगमूलक कार्यक्रमहरुले बालबालिकाहरु शिक्षाबाट बञ्चित हुन नपरोस भन्ने उद्देश्य रहेको कुरा बताउनुभयो । उहाँले समाजका सक्षम वर्गलाई यस्ता कार्यमा हातेमालो गर्न समेत आग्रह गर्नुभयो ।

वितरण कार्यक्रममा सहभागी बालबालिकाले आवश्यक स्कुल ब्याग प्राप्त गरेपछि खुशी व्यक्त गरेका थिए । उनीहरूले यसले आफ्नो पढाइमा थप प्रेरणा मिल्ने बताए । संस्थाले संस्था स्थापना दिवस तथा सहकारी दिवसको अवसर पारी यस्तै किसिमका विभिन्न सहयोगका कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ ।

कार्यक्रम संस्थाका चरिकोट सेवाकेन्द्र सञ्चालन तथा व्यवस्थापन उपसमितिका संयोजक नारायण बस्नेतको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा संस्थाका वरिष्ठ उपाध्यक्ष नारायण प्रसाद दहाल, सञ्चालक सदस्य विमला दहाल घिमिरे, प्रमुख कार्यकारी अधिकृत नवराज दहाल र उच्च व्यवस्थापनका कर्मचारीहरुको सहभागिता रहेको थियो ।



# जेष्ठ सदस्य तीर्थ अवलोकन भ्रमण कार्यक्रम

**जनसचेतन साकोस, दोलखा**
**२०८२ चैत्र २५, बुधबार**



विगत वर्षहरुमा जेष्ठ सदस्यहरुका लागि आयोजना गर्दै आएको जेष्ठ सदस्य तीर्थ अवलोकन भ्रमण कार्यक्रम यस वर्ष पनि मिति २०८२ चैत्र २१ गतेदेखि २३ गतेसम्म जानकी मन्दिर, हलेसी महादेव मन्दिर, वराह क्षेत्रको भ्रमण गराइएको थियो । जेष्ठ नागरिक भ्रमण कार्यक्रममा संस्थाका ६५ वर्ष नाघेका ५५ जना जेष्ठ सदस्यहरुको सहभागिता रहेको थियो ।

संस्थाका अध्यक्ष गोपालध्वज श्रेष्ठ संस्थाले जेष्ठ नागरिक सदस्यहरुको ईच्छा र चाहना अनुसार विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको बताउनु हुदै संस्थाले विगत ५ वर्ष देखि निरन्तर आयोजना गर्दै आएको जेष्ठ नागरिक सदस्य भ्रमण कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता प्रदान गरेको जानकारी दिनु भयो । साथै संस्थाले ७५ वर्षभन्दा माथिका जेष्ठ नागरिकहरुको लागि मासिक रुपमा जेष्ठ नागरिक भत्ता वापत पाँच सयका दरले उपलब्ध गराउँदै आइरहेको छ ।

संस्थाको वार्षिक साधारण सभाको अवसरमा ७०



बर्ष पुरा भएका जेष्ठ नागरिक सदस्यहरुको सम्मान साथै जेष्ठ नागरिकहरुको लागि पुरुषको हकमा गलबन्दी र टोपी तथा महिलाको हकमा बर्को वितरण गर्दै आइरहेको छ । जेष्ठ सदस्य भ्रमण कार्यक्रममा सञ्चालक समितिका कोषाध्यक्ष राजेन्द्र प्रसाद ढुङ्गेल, महिला विकास उपसमिति सदस्य तारा चौंलागाई तथा संस्थाका कर्मचारीहरु प्रतिमा नेपाल, गणेश बहादुर थामी र कल्पना धमलाको सहभागिता रहेको थियो ।

संस्थाले विगत वर्षहरुमा जस्तै यस वर्ष पनि धनुषा जिल्ला स्थित जनकपुर धाम, खोटाङको हलेसी महादेव मन्दिर तथा सुनसरी जिल्लामा रहेको धार्मिक स्थल बराह क्षेत्रको भ्रमण गराइएको थियो ।

## जेष्ठ सदस्यलाई...

सदस्यहरूलाई गलबन्दी र टोपी तथा महिला जेष्ठ सदस्यहरूलाई बर्को वितरण गरिएको थियो । वितरण कार्यक्रमले जेष्ठ सदस्यहरुलाई सम्मानित महसुस गराउनुका साथै समाजमा सकारात्मक सन्देश प्रवाह गरेको छ ।

कार्यक्रमका अध्यक्ष गोपालध्वज श्रेष्ठले जेष्ठ नागरिकहरू समाजका अमूल्य सम्पत्ति भएको उल्लेख गर्दै उनीहरूको अनुभव, ज्ञान र योगदानलाई सदैव सम्मान गर्नुपर्ने बताउनु भएको थियो । त्यस्तै उहाँले जेष्ठ नागरिकको संरक्षण र सम्मान गर्नु सबैको साझा दायित्व भएको धारणा व्यक्त गर्नुभएको थियो । सम्मानित जेष्ठ सदस्यहरूले आफूहरूलाई सम्झेर गरिएको यस्तो कार्यक्रमप्रति खुसी व्यक्त गर्दै संस्थाप्रति धन्यवाद ज्ञापन गरेका थिए । उनीहरूले यस्ता कार्यक्रमले आफूहरूलाई समाजमा अझै पनि महत्वपूर्ण स्थान रहेको अनुभूति गराउने बताएका थिए । संस्थाले आगामी दिनमा पनि जेष्ठ सदस्य लक्षित यस्ता कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता जनाएको छ ।

## छात्रवृत्ति वितरण

संस्थाले सामुदायिक विद्यालय तथा क्याम्पसहरुमा अध्ययन गर्ने ८४ जना विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण गरेको छ । विद्यार्थीहरुको शिक्षा प्राप्तिमा सहयोग पुगोस भन्ने उद्देश्यले संस्थाले वार्षिक रुपमा छात्रवृत्ति वितरण गर्दै आइरहेको छ । संस्थाले कक्षा १-८ सम्मलाई एक हजार पाँच सय, कक्षा ९-१० सम्मको लागि २ हजार, कक्षा ११-१२ सम्मको लागि ५ हजार र क्याम्पस तहको लागि ७ हजारका दरले छात्रवृत्ति दिदै आइरहेको छ । यस आ.व. मा संस्थाले कुल २ लाख १८ हजार ५ सय रकम छात्रवृत्ति वापत रकम वितरण गरेको छ ।

इ-बुलेटिन सम्बन्धमा कुनै पनि सल्लाह सुझाव तथा पृष्ठपोषणहरु भएमा तलको QR Scan गरी दिन सक्नुहुनेछ ।

Scan me !

**सम्पादन**

- गोपालध्वज श्रेष्ठ, अध्यक्ष
- नवराज दहाल, प्रमुख कार्यकारी अधिकृत
- रमेश लामिछाने, सूचना प्रविधि अधिकृत